# छुट तथा पुनः जाँच सर्वेक्षण कार्य सञ्चालन सम्बन्धी कार्यविधि, २०७५

निजी आवास पुनर्निर्माण लाभग्राहीहरुको पहिचान गर्ने प्रमुख उददेश्यसहित राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट केन्द्रीय तथ्याकं विभागसंगको सहकार्यमा २०७२ र २०७३ मा भूकम्प प्रभावित ३२ जिल्लाहरुमा संचालित भूकम्प प्रभावित निजी आवास निर्माण पुनः लगत संकलन कार्यक्रम अनुसार सर्वेक्षण भई लाभग्राहीमा सूचीकृत हुन नसकेका र लगत संकलन कार्यक्रममा नै छुट हुन पुगेका भूकम्प पीडितहरुले विभिन्न समयमा लाभग्राहीमा समावेश हुन पाउँ भनि दर्ता गराएका गुनासाहरुको समाधान गर्ने उददेश्यले भूकम्प प्रभावित जिल्लाहरुमा संचालन हुने छुट तथा पुनः जाँच सर्वेक्षण लाई व्यवस्थित प्रभावकारी र निष्पक्ष ढंगले संचालन गर्नका लागि भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धी ऐन २०७२, को दफा ३१ बमोजिम यो छुट तथा पुनः जाँच सर्वेक्षण सञ्चालन सम्बन्धी कार्यविधि, २०७५ जारी गरिएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** (क) यो कार्यविधिको नाम छुट तथा पुनः जाँच सर्वेक्षण संचालन सम्बन्धी कार्यविधि २०७५ हुनेछ ।

(ख) यो कार्यविधि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिबाट स्वीकृत भएको मिति देखी लागू हुनेछ ।

२. **उददेश्यः** छुट तथा पुनः जाँच सर्वेक्षण सञ्चालन को प्रमुख उददेश्य निम्नानुसार हुने छः

(क) केन्द्रीय तथ्यांक विभागबाट विगतमा संचालित भूकम्प प्रभावित निजी आवास निर्माण पुनः लगत संकलन कार्यक्रममा लगत संकलन नगरिएका भूकम्प पीडितहरुको लगत संकलन गर्ने ।

(ख) केन्द्रीय तथ्यांक विभागबाट विगतमा संचालित भूकम्प प्रभावित निजी आवास निर्माण पुनः लगत संकलन कार्यक्रममा लगत संकलन गरिएका तर निजी आवास पुनर्निर्माण/ प्रवलीकरण लाभग्राहीमा सूचीकृत हुन नसकी लाभग्राहीमा समावेश हुन पाउँ भनी गुनासो दर्ता गराएका मध्ये पुनः जाँच गरी यकिन गर्नु पर्ने गुनासोकर्ताहरुको पुनः लगत संकलन गर्ने ।

३. **कार्यक्षेत्रः** छुट तथा पुनः जाँच सर्वेक्षण भूकम्प प्रभावित सम्पूर्ण ३२ जिल्लाहरुमा गरिने छ ।

४. **सर्वेक्षण विधिः** छुट तथा पुनः जाँच सर्वेक्षण निम्नानुसारको विधि अवलम्बन गरी संचालन गरिने छ ।

(क) सर्वेक्षणको स्थलगत लगत संकलन स्थानीय तहमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट खटिएका ईन्जिनियरहरुबाट ट्यबालेटमार्फत गरी प्राधिकरणको केन्द्रीय सूचना प्रणालीमा पठाईने छ ।

(ख) स्थानीय तहमा कार्यरत ईन्जिनियरहरुलाई गुनासोको संख्या अनुसार आवश्यक्ता वमोजिम उचित संख्यामा हाल कार्यरत स्थानीय तहमा रहेका ईन्जिनियरहरुलाई परिचालन गरिने छ ।

(ग) सर्वेक्षण कार्यक्रम अन्तर्गत पहिलेको लगत संकलन कार्यक्रममा छुट भएकाहरुको हकमा अनूसूची (१) अनुसारको प्रश्नावली प्रयोग गरी सर्वेक्षण गरिनेछ भने पहिलेको लगत संकलन कार्यक्रममा लगत संकलन भएका तर लाभग्राही हुन नसकेकाहरुको हकमा अनूसूची (२) अनुसारको प्रश्नावली प्रयोग गरिने छ ।

५. **सर्वेक्षण सूचीः** छुट तथा पुनः जाँच सर्वेक्षण २०७५ मा लगत संकलन गरिने गुनासोकर्ताहरुको सूची सम्बन्धित वडा गुनासो समितिको सिफारिश र स्थानीय तहका प्रमुख /अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतको सिफारिश सहितको स्थानीय तहको सिफारिश पत्रको आधारमा निम्नानुसार हुने छ ।

(क) केन्द्रीय सूचना प्रणालीमा दर्ता भएका गुनासोहरुमध्ये पहिले लगत संकलन नगरिएका र सर्वेक्षणबाट यकिन गर्नु पर्ने भनी पहिचान भई राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिबाट निर्णय भएका गुनासाकर्ताहरुको सूची ।

(ख) साविकमा स्थानीय तह, वडा, जिल्ला समन्वय समिति, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका जिल्लास्थित कार्यालय र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा दर्ता भई केन्द्रीय सूचना प्रणालीको अभिलेखमा सूचीकृत हुन नसकेका सम्बन्धित निकायबाट प्रमाणित गुनासोको सूची ।

(ग) सर्वेक्षक प्राविधिकले आफूलाई तोकिएको स्थानीय तह अन्तर्गतको वडामा लगत संकलन कार्यक्रम अन्तर्गत रहँदा सम्मको अवधिमा पुनर्निर्माण सम्बन्धी गुनासो व्यवस्थापन कार्यविधि, २०७४ अनुसार दर्ता भै वडा गुनासो समितिबाट सर्वेक्षण गर्नु पर्ने भनी निर्णय गरी लिखितरुपमा सर्वेक्षकहरुलाई उपलब्ध गराएको गुनासोको सूची ।

(घ) राष्ट्रिय पुनर्निर्माण प्राधिकरण पुनरावेदन समितिको निर्णय अनुसार सर्वेक्षण गर्नु पर्ने भनी निर्णय आदेशबाट प्राप्त हुन आएको विवरण ।

(ङ) माथि उल्लिखित वाहेक राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट सर्वेक्षण गर्नु पर्ने भनि निर्णय भए अनुसारका गुनासोकर्ताहरुको सूची ।

६. **सर्वेक्षकहरुको कर्तव्यः** लगत संकलन गर्नु पर्ने भनि सिफारिश सहित प्राप्त गुनासोकर्ताको सूची अनुसार निष्पक्ष भई वास्तविक विवरण संकलन गर्नु पर्ने दायित्व सर्वेक्षकको हुनेछ ।

७. **सर्वेक्षक खटाउने तथा व्यवस्थापनः** छुट तथा पुनः जाँच सर्वेक्षणमा सर्वेक्षकहरु खटाउने तथा व्यवस्थापन गर्ने कार्य निम्नानुसार हुने छ।

(क) सर्वेक्षकहरुलाई हाल कार्यरत रहेकै स्थानीय तहमा वडाहरु तोकी जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन) का प्रमुखले तपशिलमा उल्लिखित समूह (क) का २० जिल्लामा र जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) का प्रमुखले तपशिलमा उल्लिखित समूह (ख) का ११ जिल्लामा खटाउनु पर्ने छ ।

समूह (क) : नुवाकोट, धादिङग, काठमाण्डौं, सिन्धुली, गोरखा, रामेछाप, दोलखा, मकवानपुर, सिन्धुपाल्चोक,

काभ्रेपलान्चोक, ओखलढुङगा, ललितपुर, भक्तपुर, धनकुटा ,पाल्पा, ,~~तनहुँ~~ कास्की, चितवन, ,लमजुङग, रसुवा

समूह (ख) : <u>नवलपरासी, संखुवासभा, पर्वत, सोलुखुम्बु, खोटाङ्ग भोजपुर, स्याङ्गजा, गुल्मी ~~धनकुटा~~,</u>

<u>अर्घाखाँची, म्याग्दी</u>

(ख) माथि (क) अनुसार खटिएका सर्वेक्षकहरुको अनुगमनको जिम्मेवारी प्राधिकरणका सम्बन्धित जिल्ला आयोजना कार्यान्वयन इकाई कार्यालयको हुने छ ।

८. **<u>सर्वेक्षण संचालन समितिः</u>** छुट तथा पुनः जाँच सर्वेक्षणलाई व्यवस्थित रुपमा संचालन गर्नका लागि केन्द्रमा देहायवमोजिमको " छुट तथा पुनः जाँच सर्वेक्षण संचालन केन्द्रीय समिति, २०७५ " रहने छ

**<u>छुट तथा पुनः जाँच सर्वेक्षण संचालन केन्द्रीय समिति, २०७५</u>**

| | | |
|---|---|---|
| १. संयोजकः | सहसचिव, | नीति, अनुगमन, समन्वय तथा सामाजिक विकास महशाखा, रा.पु.प्रा. |
| २. सदस्यः | उपसचिव, | आवास, वस्ती विकास तथा स्थानीय पूर्वाधार महाशाखा, रा. पु. प्रा |
| ३. सदस्यः | उप प्रमुख, | केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार) |
| ४. सदस्यः | उप. प्रमुख, | केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन) |
| ५. सदस्यः | उपसचिव, | गुनासो व्यवस्थापन तथा समन्वय शाखा, रा. पु. प्रा. |
| ६. सदस्यः | उपसचिव, | आर्थिक प्रशासन शाखा, रा. पु. प्रा. |
| ७. सदस्य | उपसचिव, | कानून तथा फैसला कार्यान्वयन शाखा |
| ८. सदस्यः | निर्देशक, | केन्द्रीय तथ्यांक विभाग |
| ९. सदस्य सचिवः | उपसचिव, | सूचना व्यवस्थापन शाखा, रा. पु. प्रा. |

समितिले आवश्यक्ता अनुसार अन्य विज्ञ तथा सम्बन्धित पदाधिकारीलाई बैठकमा आमन्त्रीत गर्न सक्ने छ ।

छुट तथा पुनः जाँच सर्वेक्षणलाई जिल्लामा व्यवस्थित रुपमा संचालन गर्नका लागि देहाय वमोजिमको " छुट तथा पुनः जाँच सर्वेक्षण संचालन जिल्ला समिति " गठन गरिने छ ।

**<u>छुट तथा पुनः जाँच सर्वेक्षण संचालन जिल्ला समिति</u>**

| | | |
|---|---|---|
| १. | अध्यक्ष | प्रमुख, जिल्ला समन्वय समिति |
| २. | सदस्य | प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय |
| ३. | सदस्य | जिल्ला समन्वय अधिकारी, जिल्ला समन्वय समितिको कार्यालय |

४. सदस्य प्रमुख, जिल्ला प्रहरी कार्यालय

५. सदस्य प्रमुख, जिल्ला आयोजना कार्यान्वयन इकाई (भवन)/ (~~अनुदान व्यवस्थापन तथा~~

~~स्थानीय पूर्वाधार~~)

६. सदस्य प्रमुख, तथ्यांक कार्यालय

७. सदस्य सचिव प्रमुख, जिल्ला आयोजना कार्यान्वयन इकाई ~~भवन~~ /(अनुदान व्यवस्थापन तथा

स्थानीय पूर्वाधार)

समितिले आवश्यक्ता अनुसार अन्य विज्ञ तथा सम्बन्धित पदाधिकारीलाई बैठकमा आमन्त्रीत गर्न सक्ने छ ।

* जिल्लामा सर्वेक्षणको व्यवस्थापन गर्ने इकाईको प्रमुख सदस्य सचिव रहने छन् ।

९. <u>तालिम तथा अभिमुखीकरण कार्यक्रमः</u> छुट तथा पुनः जाँच सर्वेक्षण संचालन गर्नु अघि निम्न तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

(क) लगत संकलन कार्यको वारेमा जिल्ला आयोजना कार्यान्वयन इकाईका प्रमुख तथा फोकल पर्सनहरुका लागि अभिमुखीकरण कार्यक्रम केन्द्रबाट संचालन गरिने छ ।

(ख) लगत संकलन कार्यमा खटिने सर्वेक्षकहरुका लागि सर्वेक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम केन्द्रबाट संचालन गरिने छ ।

(ग) जिल्ला आयोजना कार्यान्वयन इकाईबाट हरेक स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुलाई १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।

१०. <u>सर्वेक्षक तथा अन्यलाई थप सेवा सुविधाः</u> छुट तथा पुनः जाँच सर्वेक्षण संचालन गर्दा स्थलगत तथ्यांक संकलन कार्यमा खटिने सर्वेक्षक तथा अन्यलाई निम्नानुसारको थप सेवा सुविधा उपलव्ध गराईने छः

(क) सर्वेक्षक इन्जिनियरहरुले आफूलाई तोकिएको नियमित कार्य प्रभावित नहुने गरी अतिरिक्त समयमा स्थलगत तथ्यांक संकलन कार्य गर्ने भएकाले निम्नानुसारको सेवा सुविधा दिईने छः

- आफूलाई लगत संकलन कार्य गर्न तोकिएको क्षेत्रमा दैनिक न्यूनतम ८ (आठ) गुनासोकर्ताको लगत संकलन गर्नु पर्नेछ ।
- सर्वेक्षकहरुलाई आफूलाई तोकिएको क्षेत्रमा स्थलगत लगत संकलन कार्य गरे वापत निम्नानुसारको थप रकम जिल्लास्थित प्राधिकरणको सम्बन्धित कार्यालय मार्फत उपलव्ध गराईनेछ ।

<u>१. हरेक सर्वेक्षकलाई कार्यदिनको आधारमा खाजा तथा खाना खर्च वापत दैनिक रु. २००।- उपलव्ध गराईने छ ।</u>

२. हरेक सर्वेक्षकलाई कार्यदिनको आधारमा यातायात खर्च वापत दैनिक रु. ५००।- उपलव्ध गराईने छ ।

३. हरेक सर्वेक्षकलाई संकलित लगत ईन्टरनेट मार्फत केन्द्रमा पठाउनु पर्ने भएकाले कार्यदिनको आधारमा दैनिक रु. २००।- संचार खर्च वापत उपलव्ध गराईने छ ।

- सर्वेक्षकहरुले भुक्तानी दावी गर्दा सर्वेक्षण गरिएका गुनासाकर्ताहरुको लगत सहित सर्वेक्षण सम्पन्न सूचीकरण फाराम भरी पेश गर्नु पर्ने छ ।
- बाटोको म्यादलाई समेत कार्यदिनकै रुपमा गणना गरिने छ । कार्यदिनको सिफारिश स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले गरे अनुसार हुने छ ।
- कुनै सर्वेक्षकले ५ देखि ७ वटाको मात्र सर्वेक्षण गरेको अवस्थामा माथि उल्लेख गरिएको रकमको आधा मात्र दिईने छ ।
- कुनै सर्वेक्षकले दैनिक ५ भन्दा कमको मात्र सर्वेक्षण गरेको अवस्थामा माथि उल्लेख भए वमोजिमको थप रकम दिईने छैन ।

(ख) छुट तथा पुनः जाँच सर्वेक्षणमा कार्यालय समय अतिरिक्त थप समय कार्य गर्नु पर्ने हुनाले केन्द्रमा छुट तथा पुनः जाँच सर्वेक्षण संचालन केन्द्रीय समितिको निर्णय अनुसार छुट तथा पुनः जाँच सर्वेक्षण संचालनमा प्रत्यक्ष संलग्न हुने कर्मचारीहरु अधिकतम १० जनालाई सर्वेक्षण अवधिभर खाजा तथा खाना खर्च वापत दैनिक रु. ५०० उपलव्ध गराईने छ ।

(ग) छुट तथा पुनः जाँच सर्वेक्षणमा नियमित कार्यका अतिरिक्त थप समय काम गर्नु पर्ने हुनाले जिल्ला स्थित कार्यालयहरुमा छुट तथा पुनः जाँच सर्वेक्षणमा प्रत्यक्ष संलग्न हुने कार्यालय प्रमुख, छुट तथा पुनः जाँच सर्वेक्षण फोकल पर्सन र लेखा हेर्ने गरी ३ जना कर्मचारीलाई सर्वेक्षण अवधिभर खाजा तथा खाना खर्च वापत दैनिक रु. ५०० उपलव्ध गराईने छ ।

(घ) सर्वेक्षण संचालन समितिको केन्द्र तथा जिल्लामा कार्यालय समय भन्दा बाहिरको समयमा बैठक बसेमा नियमानुसार बैठक भत्ता दिइने छ ।

११. **लाभग्राहीमा सिफारिश भएकाहरुको लगत संकलन नगर्ने:** राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्णय अनुसार निजी आवास पुनर्निर्माण वा प्रवलीकरण मध्ये कुनै एक लाभग्राहीमा गुनासोकर्ताको सिफारिश भईसकेको भए निज गुनासोकर्ताको पुनः लगत संकलन गर्नु हुँदैन । लाभग्राहीमा सिफारिश व्यक्ति र गुनासोकर्ता एकै व्यक्ति भएको वा नभएको सम्बन्धमा सम्बन्धित वडा गुनासो सुनुवाई समिति र स्थानीय तहका स्थानीय तहका प्रमुख /अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतबाट यकिन गराउनु पर्छ ।

१२. **छुट तथा पुनः जाँच सर्वेक्षणमा लगत संकलन गरिएकाहरुको लगत संकलन नगर्ने:** भूकम्प अति प्रभावित १४ जिल्लाहरुमा २०७४ साउनदेखि २०७४ कार्तिकसम्म छुट तथा पुनः जाँच सर्वेक्षण संचालन

गरिएकाले त्यस कार्यक्रम अन्तर्गत लगत संकलन गरिसकिएका गुनासोकर्ताहरुको पुनः लगत संकलन गर्नु हुँदैन ।

(यस्ता व्यक्तिहरुमध्ये गैरलाभग्राहीमा परेकाहरु पुनरावेदको प्रक्रियामा जान सक्ने भएकाले सो कुराको जानकारी सम्बन्धित व्यक्तिहरुलाई दिनु पर्छ ।)

१३. **<u>भूकम्पले क्षति पुरयाएको घरको विवरण लिनु पर्नेः</u>** सर्वेक्षकहरुले गुनासोकर्ताको लगत संकलन गर्दा २०७२ वैशाखको भूकम्पले क्षती पुरयाएको आवासिय घरको विवरण संकलन गर्नु पर्नेछ । हाल पुरानो घर भत्काई नयाँ घर बनाईसकेको कुरा सम्बन्धित वडा गुनासो सुनुवाई समिति र स्थानीय तहका स्थानीय तहका प्रमुख /अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ ।

१४. **<u>लगत संकलन एक पटक मात्र गर्नेः</u>** हरेक गुनासोकर्ताको लगत संकलन एक पटक मात्र गर्नु पर्ने छ । फरक फरक विवरण राखी एकै गुनासोकर्ताको पटक पटक विवरण संकलन गर्नु हुँदैन ।

१५. **<u>संकलित लगत केन्द्रमा पठाउनेः</u>** हरेक सर्वेक्षकले आफूलाई तोकिएको स्थानीय तह अन्तर्गतको एउटा वडाको लगत संकलन कार्य सम्पन्न गरेपछि सो विवरण ईन्टरनेटमार्फत केन्द्रीय सूचना प्रणालीमा पठाउनु पर्ने छ ।

१६. **<u>लाभग्राहीहरुको सिफारिशः</u>** छुट तथा पुनः जाँच सर्वेक्षण अन्तर्गत संकलित लगतको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको प्रक्रिया अनुसार प्राविधिकहरुबाट केन्द्रमा थप विश्लेषण गरी लाभग्राहीको सिफारिश गरिनेछ। यसरी सिफारिश भएकाहरुमध्ये राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कार्यकारी समितिको निर्णय अनुसार लाभग्राही कायम गरिनेछ ।

१७. **<u>प्राविधिकहरु काजमा लिन सकिनेः</u>** छुट तथा पुनः जाँच सर्वेक्षण अन्तर्गत संकलित लगतको केन्द्रमा थप विश्लेषण गरी लाभग्राहीमा सिफारिश गर्नका लागि जिल्ला आयोजना कार्यान्वयन इकाईमा कार्यरत ईन्जीनियर, केन्द्रीय तथ्यांक विभाग वा अन्य निकायमा कार्यरत कर्मचारीहरुलाई काजमा ल्याई कार्य गराउन सकिने छ । यसरी थप विश्लेषणमा संलग्न जनशक्तिलाई सार्वजनिक विदाका दिनमा कार्य गरे वापत खाजा तथा खाना खर्च वापत रु. ५०० तथा अन्य दिनहरुमा कार्यालय समयका अतिरिक्त कार्य गरेवापत दैनिक रु. २०० खाजा खर्च उपलव्ध गराईने छ ।

१८. **<u>वैकल्पिक वासको व्यवस्था भएकालाई लगत संकलनको लागी सिफारिश गर्न नहुनेः</u>** भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७२ अनुसार भूकम्पबाट क्षतिग्रस्त भएको बाहेक सोही स्थान वा अन्यत्र आवास भवन नभएको व्यक्ति वा परिवार मात्र लाभग्राही हुन योग्य हुने हुनाले अन्यत्र बसोवास योग्य घर भएका व्यक्तिहरुको लगत संकलनका लागी सिफारिश गर्नु हुँदैन ।

१९. **<u>सिफारिशकर्तालाई कारवाही हुने</u>:** छुट तथा पुनः जाँच सर्वेक्षणको स्थलगत लगत संकलन कार्यमा खटिने प्राविधिकहरुलाई गलत व्यक्तिको सिफारिश गरी लगत संकलन गर्न लगाएको ठहरिएमा सिफारिशकर्तालाई कानून वमोजिम कारवाही हुनेछ ।